# कटारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कटारी ,उदयपुर

पत्र संख्याः–२०७८/०७९
चलानी नम्बरः– ४८९

मितिः२०७७८/०५/१८

विषयः- विद्यालय सञ्चालन सम्बन्धमा।

श्री सबै विद्यालयहरु
कटारी, उदयपुर ।

प्रस्तुत विषयमा बिगत बर्ष देखि कोभिड १९ का कारण विद्यालयको पठनपाठन अवरुद्ध भई विद्यर्थी सिक्न पाउने अधिकारबाट बञ्चित भएको अवस्थामा यस नगरपालिका भित्र सञ्चालित सबै विद्यालयहरुले तपसिलमा उल्लेखित प्रक्रिया पूरा गरी विद्यार्थीहरुलाई सिकाइ सहजिकरण गर्न गराउन नगर शिक्षा समितिको मिति २०७८/०५/१७ बसेको बैठकबाट निर्णय भएको हुँदा सोही अनुसार गर्नु गराउन हुन अनुरोध छ ।

**तपसिल**

१. विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धमा वि.व्य.स,शि.अ.संघ,अभिभावक , जनप्रतिनीधि र शिक्षकहरुको संयुक्त बैठक बसी विद्यालयको भौतिक अवस्था, विद्यार्थी संख्या, र शिक्षक उपलब्धताको आधारमा विद्यालय संचालन कार्ययोजना निर्माण गर्ने ।
२. विद्यालय संचालन कार्यढाँचा २०७७ मा उल्लेख भएको बैकल्पिक विधि अपनाइ सिकाइ सहजिकरण प्रक्रिया अवलम्बन गरेका विद्यालयहरुले सोही विधिलाई निरन्तरता दिंदै कुनै पनि बैकल्पिक विधिमा सिकाइ सहजिकरण क्रियाकलाप सञ्चालन गर्न नसकेका ( बैकल्पिक विधिमा सबै विद्यार्थी समेट नसकेका ) विद्यालयहरुले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा मापदण्ड पूर्णरुपमा पालना गरि सम्बन्धित वडा कार्यालयको समन्वयमा कार्ययोजना वनाइ भौतिक उपस्थितिमा सिकाइ सहजिकरण क्रियाकलाप सञ्चालन गर्ने ।
३. कार्ययोजना अनुरुप भौतिक रुपमा सिकाइ सहजिकरण क्रियाकलाप सञ्चालन गर्ने विद्यालयले साबुन पानि र मास्कको अनिवार्य व्यवस्था गर्ने ।
४. विद्यालयको कक्षाकोठा लगायत विद्यालय हाताभित्र नियमित सरसफाइ गर्ने गराउने ।
५. विद्यालय सेवा क्षेत्र भित्र कोभिड १९ को संक्रमण देखा परेमा विद्यालयले सम्बन्धित वडा कार्यालयलाई जानकारी गराइ वडा कार्यालयबाट प्राप्त निर्देशन अनुसार विद्यालय बन्द गरि नगरपालिकामा जानकारी गराउने ।
६. ज्वरो आएका,रुघाखोकी लागेका,टाउको दुखेका घाँटि दुखेका विद्यार्थीलाई विद्यालय नपठाउन अभिभावकलाई जानकारी गराउन अभिभावकहरुको सम्पर्क नम्बर अध्यावधिक गर्ने गराउने ।
७. विद्यालयले कुनै न कुनै विधि अपनाइ विद्यार्थी सिकाइ सहजिकरण क्रियाकलाप अनिवार्यरुपमा सञ्चालन गर्ने ।

.......................
अमर प्रसाद भट्ट
प्रमुख प्रशासकीय अधिकृत